**चिचिला गाउँपालिकाद्वारा प्रकाशित**

# स्थानीय राजपत्र

खण्डः १ | सङ्ख्याः १७ | मितिः २०७५/१०/१३

## भाग - २

## चिचिला गाउँपालिका

## गाउँ कार्यपालिकाको कार्यालयको सूचना

## विपद् व्यवस्थापन कोष सञ्चालन तथा व्यवस्थापन कार्यविधि (पहिलो संशोधन), २०७५

**प्रस्तावनाः**

चिचिला गाउँपालिका बाढी, पहिरो, भूकम्प, चट्याङ, आगलागी लगायतका प्राकृतिक एवम् दैवी प्रकोपका अतिरिक्त महामारीजन्य रोगहरुबाट वर्षेनी भौतिक एवम् मानवीय क्षति भई गाउँपालिकाको आर्थिक, सामाजिक, भौतिक र मानवीय समेतका क्षेत्रहरुमा नकारात्मक प्रभाव पर्दै आएकोमा उपर्युक्त प्रभाव/क्षतिहरुलाई न्यूनिकरण गर्न वाञ्छनीय भएकाले,

स्थानीय सरकार सञ्चालन ऐन,२०७४ को दफा १०२ बमोजिमको स्थानीय कानून बनाउने अधिकारको प्रयोग गरी नेपालको संविधानको धारा २१४ को उपधारा (१) बमोजिमको गाउँ कार्यपालिकाले यो कार्यविधि संशोधन गरिएको छ।

### परिच्छेद १

### प्रारम्भिक

**१. संक्षिप्त नाम र प्रारम्भः** (१) यस कार्यविधिलाई *'विपद् व्यवस्थापन कोष सञ्चालन तथा व्यवस्थापन कार्यविधि(पहिलो संशोधन), २०७५'* भनिनेछ।

(२) यो कार्यविधि चिचिला गाउँपालिका क्षेत्रमा तुरुन्त लागु हुनेछ ।

२. **परिभाषाः** विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस कार्यविधिमा,-

(क) 'कार्यविधि' भन्नाले विपद् व्यवस्थापन कोष सञ्चालन तथा व्यवस्थापन कार्यविधि, २०७५ सम्झनुपर्छ ।

(ख) 'कोष' भन्नाले विपद् व्यवस्थापन कोष सम्झनुपर्छ ।

(ग) 'व्यवस्थापन समिति' भन्नाले विपद् व्यवस्थापन कोष सञ्चालन तथा व्यवस्थापन समिति सम्झनुपर्छ ।

(घ) 'कार्यपालिका' भन्नाले चिचिला गाउँ कार्यपालिका सम्झनुपर्छ ।

(ङ) 'विपद्' भन्नाले प्राकृतिक तथा मानव सिर्जित विपद् सम्झनुपर्छ ।

३. **कोष स्थापनाः** चिचिला गाउँपालिकामा एक विपद् व्यवस्थापन कोष स्थापना हुनेछ ।

४. **कोषको सचिवालयः** विपद् व्यवस्थापन कोषको सचिवालय गाउँ कार्यपालिकाको कार्यालयमा रहने छ ।

## परिच्छेद २

## कोषको अवधारणा, लक्ष्य, उद्देश्य र नीति

५. **कोषको अवधारणाः** चिचिला गाउँपालिकामा हुने सबै प्रकारका मानवीय तथा मानवेतर विपद्बाट प्रभावितहरुको सङ्ख्यात्मक एवम् गुणात्मक मात्रामा कमी ल्याउन सचेतना अभिवृद्धि, हताहतको सङ्ख्यामा शुन्यता, पीडितको पहिचान, आपत्कालिन उद्धार तथा राहत वितरण प्रणालीलाई प्रभावकारी एवम् वैज्ञानिक तुल्याउनु कोषको अवधारणा हुनेछ ।

६. **लक्ष्यः** प्राकृतिक तथा मानव सिर्जित विपद्को प्रकोपमा परेका परिवार, संघसंस्थाहरुलाई राहत तथा पुनःस्थापनामा सहयोग पुऱ्याउने, विपद् जोखिम व्यवस्थापन कृयाकलापको पहिचान तथा प्राथमिकिकरण गर्दै विपद् व्यवस्थापनको क्षमतामा अभिवृद्धि गरी मानवीय तथा भौतिक क्षतिमा कमी ल्याउने यस कोषको लक्ष्य रहेको छ ।

७. **उद्देश्यः** कोषका उद्देश्यहरु देहायबमोजिम हुनेछन् -

(क) विपद् पीडितको उद्धार तथा पुनःस्थापनाका लागि जिल्ला, प्रदेश तथा संघस्थित सबै कार्यालय संघसंस्थाबीच समन्वय गर्नुका साथै जनसहभागिता जुटाउन पहल गर्ने,

(ख) विपद्का दृष्टिकोणले गाउँपालिकाका जोखिमपूर्ण क्षेत्रहरुको पहिचान गरी विपद् रोकथाम तथा विपद् जोखिम व्यवस्थापनका लागि भौतिम तथा चेतनामूलक कार्यक्रम गर्ने,

(ग) विपद्बाट हुन सक्ने जोखिमलाई न्यून गर्न नीतिगत तथा संस्थागत सुधार गर्ने,

(घ) विपद् पीडितको आधारभूत आवश्यकताको परिपूर्तिका लागि क्षतिको मूल्याङ्कनका आधारमा तत्काल राहत उपलब्ध गराइ सहयोग गर्ने,

(ङ) भवन तथा पूर्वाधार निर्माण कार्य प्रारम्भ गर्दा वातावरणमैत्री तथा भवन निर्माण आचार संहिता बमोजिम गर्ने, गराउने,

(च) स्थानीय विपद् जोखिम व्यवस्थापन योजना तर्जुमा निर्देशिका, २०६८ द्वारा निर्देशित विपद् जोखिम व्यवस्थापन योजना तर्जुमामा जोड दिने,

(छ) विपद्बाट हुन सक्ने मानवीय तथा भौतिक क्षतिको न्यूनिकरणका लागि गाउँपालिकाको क्षमता विकास गर्ने,

(ज) विपद् व्यवस्थापनको क्षेत्रमा काम गर्ने सबै निकायहरुका बीच समन्वय गर्ने,

(झ) विपद्बाट पीडित व्यक्तिहरुलाई तत्काल उद्धार तथा राहत सहयोगका लागि कोषको व्यवस्था गर्ने, र

(ञ) विपद् व्यवस्थापन, वातावरण संरक्षण, भवन निर्माण व्यवस्थापन सम्बन्धमा प्रचलित कानून बमोजिम गर्ने, गराउने ।

**८. नीतिः** कोषको नीति देहाय बमोजिम हुनेछ-

(क) विपद् पीडितको तत्काल उद्धार गर्ने,

(ख) विपद् पीडितलाई उद्धारपछि राहत सहयोग उपलब्ध गराउने,

(ग) विपद् पीडितहरुलाई पहिचान गरी तत्काल पुनःस्थापनाका लागि सहयोग पुऱ्याउने,

(घ) विपद् पीडितहरुलाई सहयोग उपलब्ध गराउनका लागि सम्बन्धित सबै निकायहरुका वीच समन्वय गर्ने, र

(ङ) स्थानीय तहमा भवन निर्माण आचारसंहिता बमोजिम भौतिक संरचना निर्माण गर्ने, गराउने तथा स्थानीय तहमा विपद् जोखिम व्यवस्थापन योजना तर्जुमा तथा कार्यान्वयन गर्ने ।

## परिच्छेद ३

## कोषको व्यवस्थापन तथा सञ्चालन सम्बन्धी व्यवस्था

९. **कोषको व्यवस्थापन तथा सञ्चालन सम्बन्धी व्यवस्थाः** (१) कोषको लक्ष्य तथा उद्देश्यहरु प्राप्तिका लागि देहायबमोजिमको विपद् व्यवस्थापन कोष सञ्चालन तथा व्यवस्थापन समिति गठन हुनेछ-

| | |
|---|---|
| (क) गाउँपालिका अध्यक्ष | -अध्यक्ष |
| (ख) गाउँपालिका उपाध्यक्ष | -सदस्य |
| (ग) प्रमुख प्रशासकीय अधिकृत वा निजले तोकेको व्यक्ति | -सदस्य |
| (घ) स्थानीय तहमा रहेका विभागीय सुरक्षा निकायका प्रमुख | -सदस्य |
| (ङ) वातावरण तथा विपद् व्यवस्थापन समितिका संयोजक | -सदस्य |
| (च) प्रमुख प्रशासकीय अधिकृतले तोकेको प्राविधिक | -सदस्य |
| (छ) रेडक्रस सोसाइटीको गाउँपालिका संयोजक | -सदस्य |
| (ज) नेपाल पत्रकार महासंघका गाउँपालिका संयोजक | -सदस्य |
| (झ) योजना तथा अनुगमन इकाइ प्रमुख | -सदस्य सचिव |

(२) व्यवस्थापन समितिको बैठक सामान्यतया वर्षमा तीनपटक बस्ने छ।

(३) आवश्यकताअनुसार व्यवस्थापन समितिको बैठक जुनसुकै समयमा पनि बोलाउने सकिनेछ।

(४) बैठकको आव्हान समितिको अध्यक्षले गर्नेछ भने सदस्य सचिवले बैठक बोलाउनेछ।

(५) व्यवस्थापन समितिको सम्पूर्ण सदस्य सङ्ख्याको कम्तीमा पचास प्रतिशत सदस्य उपस्थित भएमा बैठकको गणपुरक सङ्ख्या पुरा भएको मानिनेछ।

(६) बैठकको निर्णय अध्यक्षद्वारा प्रमाणित गर्नुपर्नेछ।

१०. **समितिको काम, कर्तव्य र अधिकारः** (१) विपद् व्यवस्थापन कोष सञ्चालन तथा व्यवस्थापन समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछन्-

(क) विपद् व्यवस्थापनका लागि आर्थिक स्रोत जुटाउने,

(ख) कोषको वार्षिक योजना तर्जुमा गरी गाउँसभामा पेश गर्ने,

(ग) विपद् सम्बन्धी चेतनामुलक कार्यक्रम सञ्चालन गर्ने,

(घ) विपद्बाट पीडित व्यक्ति परिवार र संघसंस्थालाई तत्काल राहत उपलब्ध गराउने,

(ङ) विपद्बाट पीडितका लागि पुनःस्थापनाको व्यवस्था गर्ने,

(च) वार्षिक योजना तथा कार्यक्रम सञ्चालनल गर्दा वातावरणमैत्री बनाउन समन्वयकारी भूमिका निर्वाह गर्ने,

(ज) कोषका कार्यहरुको अनुगमन, सुपरीवेक्षण तथा प्रगति समिक्षा गर्ने, र

(झ) स्थानीय तहका विपद् जोखिम व्यवस्थापन सम्बन्धी योजनाहरुको तर्जुमा र कार्यान्वयन गराउँदै विपद् जोखिम व्यवस्थापनलाई संस्थागत गरी विपद् उत्थानशील समाजको निर्माण गर्ने ।

११. **अध्यक्षको काम, कर्तव्य र अधिकारः** अध्यक्षको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछः-

(क) बैठकको अध्यक्षता गर्ने,

(ख) बैठक बोलाउन सचिवलाई निर्देशन दिने,

(ग) बैठकमा प्रतिवेदन पेश गर्ने, प्रस्ताव पेश गर्ने, गराउने,

(घ) समितिका सदस्यहरुलाई कामको बाँडफाँड गर्ने तथा कामको आवश्यक समन्वय गर्ने,

(ङ) कोषको वित्तीय स्रोत जुटाउने र परिचालन गर्ने, गराउने,

(च) कोषका निर्णयहरु सार्वजनिक गरी पारदर्शिता कायम गराउने,

(छ) कोषको बैठक सहभागितात्मक रुपमा गराउने,

(ज) कोषका तर्फबाट अन्य निकायमा प्रतिनिधित्व गर्ने, गराउने,

(झ) कोषका तर्फबाट अन्य निकाय, संघ/संस्थासँग सम्झौता गर्नुपर्ने भए गर्ने, गराउने,

(ञ) कोषको योजना तर्जुमा तथा सो को स्वीकृति गर्न गराउन आवश्यक कारबाही गर्ने, गराउने, र

(ट) कोषको कामको अनुगमन, मूल्याङ्कन गर्ने, गराउने ।

१२. **सदस्य सचिवको काम, कर्तव्य र अधिकारः** कोषको सदस्य सचिवको काम, कर्तव्य र अधिकार देहायबमोजिम हुनेछः-

(क) अध्यक्षको आदेशानुसार बैठक बोलाउने, अध्यक्षसँग सल्लाहमा छलफलका विषयवस्तहरु तयार गरी निर्णयार्थ बैठकमा पेश गर्ने,

(ख) बैठकको निर्णय लेख्ने, कोषका सबै कागजातहरु जिम्मा लिने,

(ग) कोषसँग सम्बन्धित सूचनाहरु, तथ्याङ्क तथा अभिलेख अद्यावधिक गर्ने,

(घ) अध्यक्षले तोकेका अन्य कार्यहरु गर्ने,

(ङ) कोषका प्रशासनिक तथा अन्य दैनिक कार्यहरु गर्ने,

(च) कोषका कार्यक्रम तर्जुमा स्वीकृति र कार्यान्वयन गर्न आवश्यक कारवाही गर्ने,

(छ) कार्यक्रमहरुको अनुगमन गर्ने, गराउने, र

(ज) कोषको चलअचल सम्पत्तिको संरक्षण गर्ने, गराउने।

१३. **सदस्यको काम, कर्तव्य र अधिकारः** कोषको सदस्यको काम, कर्तव्य र अधिकार देहायबमोजिम हुनेछः-

(क) बैठकमा उपस्थित भई छलफलमा सक्रियतापूर्वक भाग लिने,

(ख) अध्यक्षको काममा सहयोग पुऱ्याउने,

(ग) बैठकमा निर्णयमा पुग्न मतदान गर्न पर्न भए मतदान गर्ने,

(घ) तोकिएको जिम्मेवारीलाई पुरा गर्ने,

(ङ) अध्यक्षले तोकेका अन्य दायित्व निर्वाह गर्ने, र

(च) कोषका कार्यक्रमहरु कार्यान्वयन गर्न सहयोग पुऱ्याउने।

## परिच्छेद ४

## आर्थिक तथा प्रशासनिक व्यवस्था

१४. **कोषको वित्तीय व्यवस्थापनः** (१) कोषमा देहायका रकमहरु रहनेछन्,-

(क) गाउँसभाबाट विपद् व्यवस्थापन कोषका लागि वार्षिक रुपमा विनियोजन हुने रकम,

(ख) अन्य स्थानीय तहबाट प्राप्त हुने रकम,

(ग) दातृ निकाय, परियोजना, गैर सरकारी संस्थाबाट प्राप्त हुने रकम,

(घ) कोषलाई सेवा शुल्कबाट प्राप्त हुने रकम,

(ङ) कोषलाई अन्य विभिन्न स्रोतहरुबाट प्राप्त हुने रकम, र

(च) संघीय सरकार, प्रदेश सरकारबाट प्राप्त अनुदानको सहयोग हुने रकम।

(२) कोषको रकम नेपाल राष्ट्र बैंकद्वारा 'क' वर्गको इजाजत प्राप्त कुनै पनि बैंकमा छुट्टै खाता खोली जम्मा गरिनेछ। कोषको सञ्चालन गाउँ कार्यपालिकाको कार्यालयको प्रमुख प्रशासकीय अधिकृत र आर्थिक प्रशासन इकाइका प्रमुखको संयुक्त दस्तखतबाट हुनेछ।

(३) कोषको लेखापरीक्षण प्रचलित कानून बमोजिम हुनेछ ।

**१५. कोषको आर्थिक व्यवस्थाः** कोषको आर्थिक व्यवस्था यस कार्यविधिमा तोकिएबमोजिम र अन्य कुराको हकमा स्थानीय तहको आर्थिक प्रशासन सम्बन्धी प्रचलित कानून बमोजिम हुनेछ ।

**१६. खर्च गर्न निषेधः** कोष जुन प्रयोजनको लागि स्थापना भएको हो सो प्रयोजन बाहेक अन्य कार्यमा रकम खर्च गर्न बर्जित गरिएको छ ।

**१७. प्रशासनिक व्यवस्थाः** कोषको प्रशासनिक तथा आर्थिक कारोबार गाउँ कार्यपालिकाको कार्यालयबाट सञ्चालन गरिनेछ ।

**१८. बैठक भत्ताः** कोषको व्यवस्थापन समितिको बैठकमा भाग लिने पदाधिकारी सदस्यहरु तथा अन्य आमन्त्रितहरुलाई प्रचलित कानून अनुकूल गाउँ कार्यपालिकाको बैठकबाट स्वीकृत भएपश्चात बैठकको भत्ताको दर निर्धारण हुनेछ ।

**१९. कार्यक्रम सञ्चालन सम्बन्धी खर्च व्यवस्थाः** (१) कोषबाट सञ्चालन हुने कार्यक्रमहरु कोषले आफैं वा अन्य सरकारी गैरसरकारी निकायसँग मिलेर सञ्चालन गर्न सक्नेछ ।

(२) कोषले आफ्नो कार्यक्रम गैरसरकारी संघ संस्थाहरुको प्राविधिक सहयोगबाट सञ्चालन गराउन सक्नेछ ।

(३) गाउँपालिकाभित्र प्रत्यक्ष वा अप्रत्यक्ष रुपमा विपद् व्यवस्थापन सम्बन्धी कार्यक्रमहरु अन्य कुनै निकायद्वारा सञ्चालन गरिन्छ भने उक्त कार्यक्रम सञ्चालनको स्वामित्व गाउँ कार्य कार्यपालिकाको कार्यालयमा रहेको मानिनेछ ।

**२०. राहत तथा उद्धार कार्य सञ्चालन सम्बन्धी व्यवस्थाः** गाउँपालिकाका कुनै पनि वडा तथा क्षेत्रमा विपद् आइपरेको अवस्थामा देहायबमोजिम व्यवस्थापन गरिनेछ ।

(क) विपद् प्रभावित स्थानको पहिचान गरी तत्काल उद्धारको व्यवस्था गरिनेछ ।

(ख) *वडा समितिको बैठक*द्वारा विपद् प्रभावितहरुको सर्जमिन मुचुल्का गराई राहत अनुदानका लागि *वातावरण तथा विपद् व्यवस्थापन समिति*मा सिफारिस गरिनेछ ।

(ग) *वडास्तरीय विपद् प्रभावित पहिचान समिति*ले भौतिक क्षतिको हकमा क्षतिको प्राविधिक मूल्याङ्कन समेत स्वीकृत गरी *वातावरण तथा विपद् व्यवस्थापन समितिमा* पेश गर्नुपर्नेछ ।

(ङ) वडा समितिको बैठकद्वारा *विपद् व्यवस्थापन कोष सञ्चालन तथा व्यवस्थापन समिति* समक्ष राहत वितरणका लागि सिफारिस गर्नुपर्नेछ।

**२१. विपद् प्रभावित वर्गीकरणः** गाउँपालिकामा आइपर्ने विपद्बाट प्रभावितहरुको वर्गीकरण देहायबमोजिम हुनेछः-

(क) *आंशिक प्रभावितः* प्राकृतिक तथा मानवसिर्जित विपद्बाट सामान्य क्षति भएका व्यक्ति परिवार तथा संघसंस्थाहरुलाई आंशिक प्रभावितका रुपमा सूचिकृत गरिनेछ।

(ख) *प्रभावितः* प्राकृतिक तथा मानवसिर्जित विपद्बाट पनि आवास बसोबासयोग्य नै रहेको, जिउ, धन, पशुचौपाया, बालीनाली, खेतबारी तथा सामान्य क्षति भएकालाई प्रभावितका रुपमा सूचिकृत गरिनेछ।

(ग) *अति प्रभावितः* प्राकृतिक तथा मानवसिर्जित विपद्बाट प्रभावित भई जनधनको क्षति व्यहोरेका सदस्यको मृत्यु भएका, बसोबास गर्ने घर एवम् अन्य भौतिक पूर्वाधार पूर्ण रुपमा नष्ट भएका, अङ्गभङ्ग भई जीविकोपार्जनका लागि अन्य माथि आश्रित हुन पुगेकालाई अति प्रभावितका रुपमा सूचिकृत गरिनेछ।

**२२. राहत वितरण व्यवस्थापन सम्बन्धीः** (१) विपद् प्रभावितहरुलाई देहायका आधारमा राहत वितरण गरिनेछः

(क) विपद्बाट आंशिक प्रभावितका रुपमा वर्गीकृतहरुलाई भौतिक क्षतिको प्राविधिक मूल्याङ्नको अनुपातका अक्षरुपी एक हजार रुपैयाँ देखि पाँच हजार रुपैयाँसम्म आर्थिक सहायता उपलब्ध गराउन सक्नेछ।

(ख) विपद्बाट प्रभावितका रुपमा वर्गीकृतहरुलाई भौतिक क्षतिको प्राविधिक मूल्याङ्नको अनुपातका अक्षरुपी पाँच हजार रुपैयाँ देखि दश हजार रुपैयाँसम्म आर्थिक सहायता उपलब्ध गराउन सक्नेछ।

(ग) विपद्बाट अति प्रभावितका रुपमा वर्गीकृतहरुलाई अनुपातका देहाय बमोजिम आर्थिक सहायता उपलब्ध गराउन सक्नेछ।

(अ) परिवारका सदस्यहरु मृत्यु भएमा प्रति परिवार पचास हजार रुपैयाँ

(आ) घरवारविहीन भएका परिवारलाई प्रति परिवार तिस हजार रुपैयाँ

(इ) अङ्गभङ्ग भएका परिवारलाई प्रति व्यक्ति बिस हजार रुपैयाँ

(ई) शारीरिक रुपमा घाइते भई उपचाररत अवस्थामा रहेका प्रति व्यक्ति दश हजार रुपैयाँ

(उ) अति प्रभावितमा सिफारिसमा परेका संघसस्थाहरुको हकमा महिला बालबालिका तथा ज्येष्ठ नागरिक सम्बन्धी काम गर्ने संस्थाहरुलाई मर्मत सम्भारतर्फ रु. १०,०००.०० (दश हजार रुपैयाँ) तथा अन्य संस्थाहरुलाई रु. ५,०००.०० (पाँच हजार रुपैयाँ)

(घ) खण्ड (ग) उल्लेख भएका क्षतिका अतिरिक्त जुनसुकै क्षतिको हकमा अधिकतम २०,०००.०० सम्म मात्र राहत अनुदान स्वीकृत गरिनेछ।

(ङ) क्षतिबाट प्रभावितहरुको लगत संकलनका क्रममा निजको वार्षिक आयव्ययको विवरण सम्बन्धी *स्व-घोषणा पत्र* समेत राहत अनुदानका लागि पेश गरिने निवेदनसाथ पेश गर्नुपर्नेछ।

(च) यस कार्यविधिमा अन्यत्र जुनसुकै कुरा उल्लेख गरिएको भएतापनि कुनै प्राकृतिक तथा मानवसिर्जित प्रकोपबाट पीडित भई राहत प्राप्त गरिसकेका व्यक्ति वा संस्थालाई पुनः सोही विपद्का आधारमा थप राहत प्रदान गरिने छैन।

**२३. वडा स्तरीय विपद् प्रभावित पहिचान समितिः** विपद व्यवस्थापनलाई व्यवस्थित गर्न देहाय बमोजिम वडा स्तरीय विपद् प्रभावित पहिचान समिति रहनेछः-

| | |
|---|---|
| (क) वडा अध्यक्ष | -संयोजक |
| (ख) वडा सदस्यहरु | -सदस्य |
| (ग) सम्बन्धित वडामा रहेका सुरक्षा निकायका प्रमुख | -सदस्य |
| (घ) सम्बन्धित वडामा रहेका स्वास्थ्य संस्थाका प्रमुख | -सदस्य |
| (ङ) प्रमुख प्रशासकीय अधिकृतले तोकेको प्राविधिक | -सदस्य |
| (च) वडा सचिव | -सदस्य सचिव |

## परिच्छेद ५
## विविध

२४. **कोषबाट कार्यक्रम सञ्चालन गर्नुपर्नेः** गाउँ कार्यपालिकाको कार्यालय, गाउँ कार्यपालिका र यस अन्तर्गतका समिति वा उपसमितिबाट विपद् सम्बन्धी कार्यक्रम सञ्चालन गर्दा यस कोषबाट मात्र सञ्चालन गरिनेछ।

२५. **जाँचपास तथा फरफारकः** (१) कोषबाट सञ्चालन गरिने कार्यक्रमको जाँचपास तथा फरफारक देहायका कागजात संलग्न हुनुपर्नेछः-

(क) सम्बन्धित वडा कार्यालयमा पीडितले आफ्नो नागरिकताको प्रतिलिपि साथ पेश गरेको सक्कल निवेदन,

(ख) निवेदकले सम्बन्धित वडामा पेश गर्ने वार्षिक आय सम्बन्धी स्व-घोषणा पत्र,

(ग) *वडा समितिले वातावरण तथा विपद् व्यवस्थापन समिति*मा पेश गरेको मुचुल्का,

(घ) *वडास्तरीय विपद् प्रभावित पहिचान समिति*ले भौतिक क्षतिको हकमा क्षतिको प्राविधिक मूल्याङ्कन समेत स्वीकृत गरी *वातावरण तथा विपद् व्यवस्थापन समितिमा* पेश गरेको मूल्याङ्कन पत्र,

(ङ) सम्बन्धित वडाको सिफारिस पत्र,

(च) विपद् पश्चात क्षतिग्रस्त स्थलको सम्बन्धित वडाध्यक्षबाट आकृति प्रष्ट देखिने तस्वीरको प्रमाणित तस्वीर,

(छ) विपद् व्यवस्थापन कोष सञ्चालन तथा व्यवस्थापन समितिको निर्णय प्रतिलिपि, र

(ज) प्रचलित कानुन बमोजिमका अन्य कागजातहरु।

२६. तत्काल खर्च सम्बन्धी व्यवस्थाः यस कार्यविधि बमोजिम कोष खडा नभए सम्मको लागि विपद व्यवस्थापन कोषबाट खर्च शीर्षकमा विनियोजित रकमबाट देहाय बमोजिम खर्च लेखिनेछ।

गाउँपालिकाको अध्यक्षको निर्णयः रु. १५,००० सम्म

कार्यपालिकाको निर्णयः रु. २५,००० सम्म

२७. **गाउँपालिका विकास योजनामा समावेश गर्ने:** कोषबाट स्वीकृत वार्षिक योजना तथा कार्यक्रमहरु गाउँपालिकाको विकास योजनामा समावेश गर्नुपर्नेछ।

२८. **कार्यविधिको संशोधनः** यस कार्यविधिलाई संशोधन गर्न आवश्यक देखिएमा व्यवस्थापन समितिको सिफारिसमा कार्यपालिकाले गर्नेछ।

२९. **सक्रमणकालिन कोषको व्यवस्थाः** यस कार्यविधि बमोजिम कोष खडा नभएसम्मको लागि चालु तर्फको भैपरी खर्च शीर्षकमा विनियोजित रकमबाट खर्च लेखिनेछ।

३०. **खारेजी र बचाउः** (१) यस कार्यविधिमा भएका व्यवस्थाहरु संघीय तथा प्रादेशिक कानूनहरुसँग बाझिन गएको खण्डमा बाझिएको हदसम्म खारेज भएको मानिनेछ।

(२) विपद् व्यवस्थापन कोष सञ्चालन हुन नसकेमा गाउँ कार्यपालिकाले सो कोषलाई खारेज गर्न सक्नेछ।

(३) कोष खारेज हुने अवस्थामा कोषमा रहेको चल अचल सम्पत्ति तथा दायित्व गाउँ कार्यपालिकाको कार्यालयमा स्वतः हस्तान्तरण हुनेछ।

(४) यस अघि विपद् व्यवस्थापनका सन्दर्भमा भए गरेका काम कारबाही यसै कार्यविधि बमोजिम भए गरेको मानिनेछ।

अनुसूची १

(दफा ९ सँग सम्बन्धित)

## बैठक निर्णय ढाँचा

**चिचिला गाउँपालिका**

**गाउँ कार्यपालिकाको कार्यालय**

## विपद् व्यवस्थापन कोष सञ्चालन तथा व्यवस्थापन समिति

**चिचिला, संखुवासभा**

**१ नं. प्रदेश, नेपाल**

अध्यक्षताः बैठक मितिः

बैठक प्रारम्भ समयः बैठक समापन समयः

बैठक सङ्ख्याः

### उपस्थिति

| क्र.स. | पद | नाम थर | दस्तखत | कैफियत |
|---|---|---|---|---|
| १ | अध्यक्ष | पासाङ नुर्बु शेर्पा | | |
| २ | उपाध्यक्ष | यदु कुमारी राई | | |
| ३ | प्रमुख प्रशासकीय अधिकृत वा निजले तोकेको व्यक्ति | रेम्बु चाम्लिङ राई | | |
| ४ | स्थानीय तहमा रहेका विभागीय सुरक्षा निकायका प्रमुख | | | |
| ५ | वातावरण तथा विपद् व्यवस्थापन समितिका संयोजक | मिर बहादुर राई | | |
| ६ | प्रमुख प्रशासकीय अधिकृतले तोकेको प्राविधिक | | | |
| ७ | रेडक्रस सोसाइटीको गाउँपालिका संयोजक | | | |
| ८ | नेपाल पत्रकार महासंघका गाउँपालिका संयोजक | | | |
| ९ | योजना तथा अनुगमन इकाइ प्रमुख | राजेन्द्र घिमिरे | | |

### निर्णयहरु

विपद् व्यवस्थापन कोष सञ्चालन तथा व्यवस्थापन समितिले कार्यसूचिका आधारमा छलफल गरी गरेका निर्णयहरु यसप्रकार छन्-

१.

अनुसूची २

(दफा २१ सँग सम्बन्धित)

## विपद् प्रभावितहरुको वर्गीकरण

विपद् पिडितको नाम, थरः- ठेगानाः-

विपद् प्रभावित क्षेत्रः विपदको कारणः

क्षतिको विवरण

| क्षतिको वर्गीकरण | आंशिक प्रभावित | ( ✔ ×) | प्रभावित | ( ✔ ×) | अति प्रभावित | ( ✔ ×) |
|---|---|---|---|---|---|---|
| क्षतिको अवस्था | | | | | | |

तयार गर्ने (वडा सचिव) अनुगमन गर्ने (वडा अध्यक्ष) प्रमाणित गर्ने (संयोजक)

**पुनश्चः** विपद्को वर्गीकरण अनुसार क्षतिको विवरण वडा स्तरीय विपद् पहिचान समितिले भर्नुपर्नेछ।

अनुसूची ३

(दफा २२ को खण्ड (ङ) र दफा २५ को खण्ड (ख) सँग सम्बन्धित)

स्व-घोषणा पत्र

म निवेदक ... ... ... ... ... ... ... ... मिति ... ... ... ... ... ... मा भएको दैवि प्रकोप/प्राकृतिक प्रकोप/मानव सिर्जित प्रकोप/ ... ... ... ... ... बाट मलाई क्षति पुगेकाले राहत तथा उद्धारका लागि निवेदनका साथ विपद् व्यवस्थापन कोष सञ्चालन तथा व्यवस्थापन कार्यविधि, २०७५ को दफा २५ को खण्ड (ख) बमोजिम देहायका चल अचल सम्पत्ति तथा वार्षिक आय-व्ययको विवरण भएको स्व-घोषणा गर्दछु।

१. अचल सम्पत्तिको विवरण

| क्र.स. | घर/जग्गा धनिको नाम | (घरले चर्चेको) जग्गाको विवरण | | | | | खरिद मूल्य |
|---|---|---|---|---|---|---|---|
| | | जिल्ला | गा.पा./न.पा. | वडा नं. | कि.नं. | क्षेत्रफल | |
| | | | | | | | |
| | | | | | | | |

२. चल सम्पत्तिको विवरणः

| क्र.स. | विवरण | परिमाण | प्राप्तिको स्रोत | कैफियत |
|---|---|---|---|---|
| १ | सुन | | | |
| २ | चाँदी | | | |
| ३ | हिरा | | | |
| ४ | जवाहरत | | | |

वित्तीय संस्थामा रहेको खाताको विवरण

| क्र.स. | खातावालाको नाम | वित्तीय संस्थाको नाम, ठेगाना | खाता नं. | मौज्दात रकम |
|---|---|---|---|---|
| | | | | |
| | | | | |

धितोपत्र शेयर वा ऋणपत्रको विवरण

| क्र.स. | शेयर धनिको नाम, थर | कम्पनीको नाम र ठेगाना | शेयरपत्रको किसिम | शेयर सङ्ख्या |
|---|---|---|---|---|
| | | | | |

ऋण लिए/दिए/तिरेको विवरण

| क्र.स. | ऋण लिने/दिने/तिर्ने व्यक्ति/संस्थाको नाम, ठेगाना | ऋण | | |
|---|---|---|---|---|
| | | लिएको | दिएको | तिरेको |
| | | | | |

सवारी साधनको विवरण

| क्र.स. | सवारी साधनको नाम | सवारीको किसिम र नं. | खरिद मूल्य | खरिद मिति |
|---|---|---|---|---|
| | | | | |

कृषि तथा पशुधनको विवरण

| क्र.स. | विवरण | सङ्ख्या | खरिद मूल्य | प्राप्ति मिति |
|---|---|---|---|---|
| | | | | |
| | | | | |

अन्य सम्पत्ति विवरण

| क्र.स. | विवरण | खरिद मूल्य | प्राप्ति मिति | कैफियत |
|---|---|---|---|---|
| | | | | |
| | | | | |

मैले जाने बुझेसम्म माथि लेखिए बमोजिमको विवरण ठीक छ । फरक परेमा कानून बमोजिम सहुँला बुझाउँला ।

नामः
ठेगानाः
ना.प्र.प.नं.
दस्तखतः
मितिः

**प्रमाणीकरण मितिः** २०७५/१०/१३

आज्ञाले,
प्रकाश मगर
प्रमुख प्रशासकीय अधिकृत